हाम्रो प्रजाशक्ति 11.05.2020

# रिङ्याङमा घर जलेर खरानी



**सोरेङ, १० मई।** पश्चिम सिक्किमको दरामदिन समष्टि अन्तर्गत रिङ्याङ निवासी देउ कुमार धितालको घर गत राति आगलागीको कारण खरानी भएको छ। पीडित धिताल पेशाले शिक्षक हुन्। राति लागेको भीषण आगलागीको कारण कुनै सामाग्री बचाउन नसकिएको जानकारी पीडित शिक्षक धितालले दिएका छन्। आज घटनाको जायजा लिन अनि पीडित परिवारलाई संवेदना व्यक्त गर्न मुख्यमन्त्रीका प्रेस सल्लाहकार सीपी शर्मा घटनास्थलमा पुगे। यस अतिरिक्त सोरेङका महकुमा अधिकारी हिम्मत राई, दरामदिनका बीडीओ साथै पञ्चायतहरुले घटनाको स्थलगत भ्रमण गरे।